# रोल्पा नगरपालिका
## Rolpa Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
लिबाङ,रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प/.सं.FY :- २०८१/०८२

च/.नं.Ref.NO :

मिति/Date :-२०८१/०५/०६

(ने.सं. ११४४)

## प्रेस विज्ञप्ति

यस रोल्पा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लिवाङ, रोल्पाले संकलन गर्दै आएको व्यवसाय करका विषयमा रोल्पा उद्योग बाणिज्य संघ/संयुक्त संघर्ष/परामर्श समितिले **अव्यबहारिक, अव्यवस्थित र गैरकानूनी तरिकाले व्यवसायीहरुलाई मर्का पर्नेगरी रोल्पा नगरपालिकाले कर संकलन गरेको** भनि चरणवद्ध आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको प्रति यस रोल्पा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । आन्दोलनको कार्यक्रम अन्तर्गत आज मिति २०८१/०५/०६ का दिन रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय नजिकै उक्त संघर्ष समितिको नेतृत्वमा कोण सभा समेत भएको छ ।

व्यवसाय कर कुनै व्यापारी व्यवसायीले उसको स्थिर पुंजी र उसले गरेको व्यापार वा कारोबारको आधारमा स्थानीय सरकारले कानून बमोजिम संकलन गर्ने कर हो । उल्लेखित विषयका सम्बन्धमा **नेपालको संविधानको धारा ५७ को उपधारा ४ बमोजिम, संविधानको अनुसूची-८ (४)** मा व्यवस्था भए बमोजिम स्थानीय तहहरुले स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन गर्न सक्ने विषय उल्लेख गरिएको छ, जुन स्थानीय तहको २२ वटा एकल अधिकार मध्ये एक हो । सोहि संविधानमा रहेको स्थानीय तहको अधिकारलाई कार्यान्वयन गर्ने क्रममा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (२ घ-१)** बमोजिम संघीय तथा प्रदेश कानूनको अधिनमा रहि सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यन्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख गरेको छ ।

स्थानीय तहलाई रहेको राजश्व सम्बन्धी अधिकारलाई थप व्यवस्थित गर्नका लागि **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (१)** मा राजश्व सम्बन्धी परामर्शका लागि नगर उप प्रमुखको अध्यक्षतामा स्थानीय राजश्व परामर्श समिति गठन गरिने व्यवस्था छ । उक्त राजश्व परामर्श समितिमा उद्योग बाणिज्य संघको प्रतिनिधि र घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको प्रतिनिधि समेत सदस्यका रुपमा रहने व्यवस्था रहेको छ । सोहि व्यवस्था बमोजिम रोल्पा नगरपालिकामा समेत राजश्व परामर्श समिति गठन भएको छ ।

राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने, राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्वको दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको कर सम्बन्धमा


Toll Free No. +977-166-086-44555 ☎Ph. +977-086-440071, ☎ Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com


Scanned with CamScanner

परामर्श दिने, राजश्व प्रशासन सुधारका लागि आवश्यक परामर्श दिने अधिकारहरु **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले स्थानीय राजश्व परामर्श समितिमा निहित गरेको छ । सोहि कानूनी आधारलाई टेकेर रोल्पा नगरपालिकाकाले आ.व. २०७५/७६ बाट व्यवसाय कर निर्धारण गरी कर संकलन गर्दै आइरहेको छ । रोल्पा नगरपालिकाको पछिल्लो आ.व. २०८०/८१ को अवस्था हेर्दा क्रमश: राजश्वको क्षमतामा समेत वृद्धि भई करिब १ करोड ७० लाख राजश्व जम्मा भएको छ ।

व्यवसाय कर प्रगतिशिल कर हो । यो कर सानो व्यवसाय भएकाहरु (थोरै कारोबार गर्ने) का लागि कम र ठूलो व्यवसाय हुनेहरु (धेरै कारोबार गर्ने) का लागि बढि निर्धारण हुन्छ, जुन प्राकृतिक न्यायको सिद्धान्तमा आधारित छ । रोल्पा नगरपालिकाले आ.व. २०७९/८० का लागि बार्षिक न्यूनतम रु. ५००/- (पाँच सय) देखि अधिकतम रु. १०,०००/- (दश हजार) सम्म (मदिराको हकमा) रहेको थियो आ.व. २०८०/८१ मा त्यसलाई थप परिमार्जन गरी व्यवसायको प्रकृति र बार्षिक कारोबारका आधारमा न्यूनतम रु. ५००/- (पाँच सय) देखि अधिकतम बार्षिक रु. १०,०००/- (दश हजार सम्म) निर्धारण गरिएको छ । यद्यपि पेट्रोल पम्पको लागि मात्र बार्षिक रु. २०,०००/- (बीस हजार) निर्धारण गरिएको छ। आ.व. २०८१/८२ मा समेत व्यवसाय करको दर बढाइएको छैन । माथि उल्लेखित करको दरमा एउटै प्रकृतिको व्यापार व्यवसायमा समेत शहरी/बजार क्षेत्रमा करको दर केहि बढी र ग्रामिण क्षेत्रमा करको दर केहि कम गरिएको छ ।

रोल्पा नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेको व्यवसाय कर संकलन कार्यलाई थप प्रभावकारी बनाउँदै आएको छ । सम्पत्ति करलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइसकेपछि व्यवसाय करलाई पूर्ण कार्यान्वयनमा ल्याउने क्रममा रोल्पा नगरपालिकाले घर-घर र पसल पसलमा समेत पुगेर व्यवसाय कर संकलन गर्ने र कर सम्बन्धी सचेतना विस्तार गर्ने कार्य गर्दै आएको छ । रोल्पा नगरपालिकाले आ.व. २०७५/७६ बाट व्यवसाय कर संकलन गर्दै आएकोमा सो समयबाट **स्थायी लेखा नम्बर (PAN)** लिई संघीय सरकारको निकाय र प्रदेश सरकारको निकायहरुमा तिर्नुपर्ने कर नियमित तिर्ने गरेको तर नगरपालिकामा कर नतिरेको (करको दायरामा नआएको) व्यवसायीबाट व्यवसाय कर लागू भए पश्चात नतिरेका वा बिच बिचमा तिर्न छोडेका व्यवसायिबाट मात्र विलम्ब कर र चालु वर्षको कर संकलन गरिएको छ । कुनैपनि तरिकाबाट एक आर्थिक वर्षको कर दुई पट संकलन गरेको छैन ।

व्यवसाय कर बढाइएको भनेर फिजाईएको हल्लाका सम्बन्धमा व्यवसाय कर बढाइएको नभई त्यसलाई परिमार्जन गरी साना व्यवसायीलाई थोरै र ठूला व्यवसायीलाई तुलनात्मक रुपमा धेरै कर बनाइएको मात्र हो । रोल्पा नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको रायका आधारमा परिमार्जित व्यवसाय करको हालको स्वरुप प्रगतिशिल छ । साना व्यवसायिको हकमा व्यवसाय कर केहि घटेको छ भने ठूला व्यवसायिको हकमा केहि थप भएको छ । रोल्पा नगरपालिकाले संकलन गर्ने करको दरका सम्बन्धमा स्थानीय आर्थिक ऐन रोल्पा नगरपालिकाको वेवसाईट **www.rolpamun.gov.np** मा समेत हेर्न सकिन्छ साथै यस सम्बन्धी कुनै दुविधा वा कुनै गुनासो भएमा रोल्पा नगरपालिकाको नगर प्रवक्ता श्री प्रकाश डाँगी (९८४७८५०६३८) र सूचना अधिकारी श्री सुशिल कुमार थापा (९८५७८७७००९) मार्फत आधिकारीक जानकारी लिन सकिन्छ ।

..............................
प्रकाश डाँगी
नगर प्रवक्ता



Scanned with CamScanner